

# परिच्छेद-5 शिक्षा



## 1 जापानको शिक्षा प्रणाली

हालको जापानको शिक्षा प्रणालीलाई आम रूपमा 6-3-3-4 प्रणाली भनिन्छ, जसको अर्थ प्राथमिक विद्यालय 6 वर्ष, माध्यमिक विद्यालय 3 वर्ष, उच्च माध्यमिक तहको विद्यालय 3 वर्ष, स्नातक कलेज 4 वर्षको प्रणाली भन्ने रहन्छ र, प्राथमिक विद्यालय र माध्यमिक विद्यालयको शिक्षा अनिवार्य गरिएको छ। पुनश्च, किन्डरगार्टेनहरूमा विद्यालय प्रवेश अघिको शिक्षा प्रदान गरिने गरिन्छ।

जापान मा स्कूल प्रणाली को संगठन




(नोट)
(१) खैरो खण्ड अनिवार्य शिक्षा हो।
(२) * उन्नत पाठ्यक्रमहरू संकेत गर्दछ
(३) उच्च माध्यमिक विद्यालयहरू, माध्यमिक शिक्षा विद्यालयहरूको माथिल्लो भाग, विश्वविद्यालयहरू, जुनियर कलेजहरू, र विशेष आवश्यकता शिक्षाका लागि विद्यालयहरूको उच्च माध्यमिक विभागले वर्ष वा सोभन्दा बढी पाठ्यक्रमहरूको पाठ्यक्रमहरू राख्न सक्छन्।
(४) 0 देखि 2 वर्षको उमेरको बच्चाले प्रारम्भिक बाल शिक्षा र हेरचाह केन्द्रहरूमा उपस्थित हुन सक्छ किनभने यसले विद्यालय र बाल कल्याण संस्थाको रूपमा काम गर्दछ।
(५) विशेष प्रशिक्षण कलेज सामान्य पाठ्यक्रमहरू र विविध विद्यालयहरूको लागि उमेर र भर्ना आवश्यकताहरू समान रूपमा परिभाषित गरिएको छैन।

## 1-1 प्राथमिक विद्यालय/माध्यमिक विद्यालय

### सार्वजनिक प्राथमिक/माध्यमिक विद्यालयमा भर्ना

- संरक्षकहरूले आफ्ना 6 देखि 15 वर्ष सम्मका जापानी बालबालिकालाई प्राथमिक विद्यालय र जुनियर हाई स्कूल वा अनिवार्य शिक्षा विद्यालयमा भर्ना गर्ने दायित्व हुन्छ।
- विदेशी नागरिक भए पनि सार्वजनिक प्राथमिक विद्यालय एवम् माध्यमिक विद्यालयाआदिमा अध्ययन गर्न चाहेमा, निःशुल्क (कक्षा शुल्क, पाठ्यपुस्तक) भर्ना लिइने गरिएको छ।
- बसोबास रहेको गाउँपालिका/नगरपालिकामा, बालबच्चालाई जापानको सार्वजनिक विद्यालयमा भर्ना गराउन चाहेको कुरा बताउनुहोस्।
- गाउँपालिका/नगरपालिकाबाट लिएको "विदेशी बाल विद्यार्थी भर्ना अनुमति पत्र" आदि लिएर, निर्दिष्ट विद्यालयमा जानुहोस्।
- पुनश्च, जापानमा प्राथमिक विद्यालय/माध्यमिक विद्यालय भन्दा बाहेक पनि 9 वर्षको अनिवार्य शिक्षा बराबरी हुने गरी शिक्षा दिने 'अनिवार्य शिक्षा विद्यालय' या अपाङ्गता भएका बालबच्चा जाने 'विशेष सहायता विद्यालय' रहेका छन्।

("रात्रीकालीन माध्यमिक विद्यालय" बारेमा, 1-4 हेर्नुहोला।)

## 1-2 उच्च माध्यमिक तहको विद्यालय

- उच्च माध्यमिक तहको विद्यालय भनेको, माध्यमिक विद्यालय पास भएका विद्यार्थीहरू जाने विद्यालय हो जहाँ, भर्ना हुनको लागि, सिद्धान्ततः भर्ना परीक्षा दिनुपर्ने हुन्छ।
- उच्च माध्यमिक तहको विद्यालयलाई, शिक्षाको स्वरूप अनुसार, पूर्णकालीन प्रणाली, निर्धारित समय प्रणाली, सञ्चार प्रणालीको पाठ्यक्रममा विभाजन गर्न सकिन्छ।
- उच्च माध्यमिक तहको विद्यालय पास गरेको व्यक्तिलाई, स्नातक कलेजहरूमा भर्ना हुन योग्य मान्यता दिइनेछ।

## 1-3 विदेशी विद्यालय

- प्राथमिक विद्यालय/माध्यमिक विद्यालय/उच्च माध्यमिक तहको विद्यालयका अलावा, विदेशी बाल विद्यार्थीलाई दायरामा पार्ने र विभिन्न स्वरूपमा अवस्थित बिशेष गरी बिदेशी बालबालिकालाइ शिक्षा दिने उदेश्य रहेको स्थानलाई  विदेशी विद्यालय भन्ने नामले चिनिन्छ।
- आ-आफ्ना फरक सांस्कृतिक/जातीय पृष्ठभूमि, भाषा, शिक्षाको विषयवस्तु, थप अध्ययन/काम पाउने रेकर्ड आदि भएको कुरालाई विचार गरेर, अध्ययन गराउन लाग्दा, उक्त बच्चाको लागि उपयुक्त हुने विद्यालय चयन गर्दा राम्रो हुनसक्छ (जापानमा भएको विदेशी विद्यालय पास भएर स्नातक कलेजहरूमा भर्ना हुने योग्यता बारेमा "1-7 उच्च शिक्षा अध्ययन निकाय (स्नातक कलेज आदि)" हेर्नुहोस्)।

बिदेशी बिद्यालयसंग सम्बन्धित वेवसाइटको लागि यहां

https://www.mext.go.jp/a_menu/kokusai/gaikoku/index.htm

## 1-4 रात्रीकालीन निम्न माध्यमिक विद्यालय

- जापानमा, स्वदेश अथवा जापानमा हुने अनिवार्य शिक्षा पुरा नगरेको व्यक्ति जान सक्ने "रात्रीकालीन माध्यमिक विद्यालय" रहेको छ।
- रात्रीकालीन निम्न माध्यमिक विद्यालय, राष्ट्रभरीको 17 प्रान्तको 30 नगर तथा वार्डमा 44 ओटा स्थापना गरिएको छ (सन् 2023 अप्रिलको डाटा) जहाँ, विभिन्न परिस्थितिले गर्दा अनिवार्य शिक्षा पुरा गर्न नसकेका व्यक्तिहरू भर्ना लिने गरिएको छ।
- रात्रीकालीन निम्न माध्यमिक विद्यालयमा भर्ना हुन चाहेको अबस्थामा, पहिल, तपाई बस्नुभएको नगरपालिकाको शिक्षा परिषद्मा परामर्श गर्नुहोला।

शिक्षा, संस्कृति, खेलकुद, विज्ञान तथा प्रविधि मन्त्रालय सरकारको "नाइट जुनियर हाई स्कूलमा पढ्न चाहनेहरूका
https://www.mext.go.jp/a_menu/shotou/yakan/index_00005.html

यी कक्षाहरू कस्तो छन् भनेर देखाउने भिडियोहरू हेर्न, शिक्षा, संस्कृति, खेलकुद, विज्ञान र प्रविधि मन्त्रालयको "जुनियर हाई स्कुल PR सामग्रीहरूमा साँझका कक्षाहरू" हेर्नुहोस्।
https://www.mext.go.jp/a_menu/shotou/yakan/index_00004.html

## 1-5 निम्न माध्यमिक विद्यालय पास सरहको मान्यता परीक्षा

- जापानको निम्न माध्यमिक विद्यालय पास नगरेको व्यक्ति पनि सहभागी हुन सक्नेछ।
- वर्षमा 1 पटक परीक्षा लिने गरिएको छ।
- पास भएमा जापानको उच्च माध्यमिक विद्यालयको भर्ना परीक्षा दिन सकिनेछ।

## 1-6 उच्च माध्यमिक तहको विद्यालय पास सरहको मान्यता परीक्षा

- जापानको उच्च माध्यमिक विद्यालय पास नगरेको व्यक्तिले दिन सक्नेछ।
- वर्षमा 2 पटक परीक्षा लिने गरिएको छ।
- पास भएमा, तलका कुराहरू गर्न सकिनेछ।

① जापानको स्नातक कलेज या छोटकरी स्नातक कलेज, भोकेसनल कलेज आदिका भर्ना परीक्षा दिन सकिनेछ।
② उच्च माध्यमिक विद्यालय पास भएका व्यक्तिलाई दायरामा राखिएका रोजगारी परीक्षा होस् या योग्यता परीक्षाहरू दिन पाइने हुन्छ।


सारांश (अंग्रेजी)
https://www.mext.go.jp/a_menu/koutou/shiken/mext_01319.html

# 1-7 उच्च शिक्षा अध्ययन निकाय (स्नातक कलेजहरू)

## स्नातक कलेजहरूमा भर्ना योग्यता

- जापानमा "उच्च माध्यमिक तहको विद्यालय", "माध्यमिक तहको विद्यालय" अथवा निर्दिष्ट विदेशी विद्यालय (http://www.mext.go.jp/a_menu/koutou/shikaku/07111314/003.htm) पास गरेका व्यक्तिहरूलाई, निम्न विद्यालयहरूमा भर्ना हुन योग्य भन्ने मान्यता दिइने छ।

① स्नातक कलेज
② विशेषाज्ञिक स्नातक कलेज
③ छोटकरी स्नातक कलेज
④ विशेषाज्ञिक छोटकरी स्नातक कलेज
⑤ भोकेसनल कलेज (विशेष प्रशिक्षण विद्यालय भोकेसनल पाठ्यक्रम) आदि



- तलका योग्यता भएका व्यक्तिहरूलाई पनि, माथि उल्लिखित विद्यालयमा भर्ना हुन योग्य भन्ने मान्यता दिइने छ।

① इन्टरनेशनल ब्याकालोरेट (International Baccalaureate)
② आबिटूर (Abitur)
③ ब्याकालोरेट (Baccalaureate)
④ GCEA लेभल (General Certificate of Education, Advanced-Level)
(जापान राष्ट्र भित्रको इन्टरनेशनल ब्याकालोरेट मान्यता प्राप्त विद्यालयहरू सूची: https://ibconsortium.mext.go.jp/ib-japan/authorization/)

- तलका सङ्घ संस्थाहरूबाट मान्यता प्राप्त शैक्षिक सुविधा स्थल (12 वर्षे पाठ्यक्रम) पास गरेमा, माथि उल्लिखित विद्यालयमा भर्ना हुन योग्य भनेर मान्यता दिइनेछ।

① WASC (The Western Association of Schools and Colleges)
② CIS (Council of International Schools)
③ ACSI (Association of Christian Schools International)

## अन्य उच्च शिक्षा अध्ययन निकाय

- अरूपनि, जापानका उच्च शिक्षा अध्ययन निकाय अन्तर्गत निम्नलिखित रहेका छन् जहाँ, हरेकको भर्ना योग्यता निर्धारण गरिएको छ।

① मुख्यतया स्नातक कलेज पास पश्चात् थप अध्ययन गर्ने स्नातकोत्तर कलेज
② मुख्यतया स्नातक कलेज पास पश्चात् थप अध्ययन गर्ने विशेषाज्ञिक स्नातकोत्तर कलेज
③ मुख्यतया माध्यमिक विद्यालय पास पश्चात् थप अध्ययन गर्ने उच्च माध्यमिक तह भोकेसनल कलेज

## 1-8 उच्च शिक्षा अध्ययन निकायको भर्ना परीक्षा

- उच्च शिक्षा अध्ययन निकायमा भर्ना हुनको लागि, हरेक उच्च शिक्षा अध्ययन निकायले सञ्चालन गर्ने परीक्षा वा कागजात समीक्षामा सहभागी हुनुपर्ने आवश्यकता रहनेछ।
- हरेक निकायले आफ्नै निर्णयमा, विदेशी नागरिक लक्षित विशेष भर्ना छनौट गर्ने गरिएको पनि हुनसक्छ।
- प्रवासी विद्यार्थी सम्बन्धमा, जापान विद्यार्थी सहायता सङ्गठनले सञ्चालन गर्ने जापान प्रवास अध्ययन परीक्षा (EJU)लाई, धेरै जसो स्नातक कलेजहरूले विशेष भर्ना छनौट गर्दा सन्दर्भ सामाग्री स्वरूप प्रयोग गर्ने गरेका छन्।

बिदेशी लक्षित वेवसाइट यहां

https://www.jasso.go.jp/en/ryugaku/eju/index.html

# 2 पढाइ खर्चको आर्थिक टेवा

## 2-1 अध्ययन सहायता


- बालबच्चा विद्यालयमा पढ्नका लागि आवश्यक विद्यालयका सामाग्रीहरू (पोसाक, ऱ्यान्डसेल-ब्याग, स्टेशनरी) या भोजन आदिमा लाग्ने पैसाको केही अंश प्राप्त गर्न सकिनेछ।
- प्राथमिक तह/माध्यमिक तहका बालबच्चा भएका अभिभावक भई, न्यून आय भएका घरपरिवारका व्यक्ति दायरामा पर्नेछन्।
- बसोबास रहेको गाउँपालिका/नगरपालिका अनुसार, प्राप्त गर्न सकिने रकम या सर्त फरक पर्नेछ।

प्रणाली अझ बिस्तृतमा जान्न चाहने ब्यक्ति यहां हेर्नुहोस

https://www.mext.go.jp/a_menu/shotou/career/05010502/017.htm

## 2-2 उच्च माध्यमिक तहका विद्यालयहरूको अध्ययन टेवा रकम

- अभिभावकको वार्षिक आय लगभग 91 लाख येन भन्दा कम भएमा, उच्च माध्यमिक विद्यालयको कक्षा शुल्कमा लाग्ने पैसा प्राप्त गर्न सकिनेछ।
- सरकारी/सार्वजनिक उच्च माध्यमिक विद्यालयमा जाने विद्यार्थीलाई, कक्षा शुल्क बराबरकै रकम भुक्तानी लिन सकिनेछ ।
- निजी उच्च माध्यमिक विद्यालयहरूमा जाने विद्यार्थीलाई, अभिभावकको आय अनुसार प्रदान गरिने रकम फरक पर्नेछ।
- पैसा प्राप्त गर्नका लागि निवेदन दिनु पर्नेछ।
- विस्तृतमा, जाने गरेको विद्यालयबाट जानकारी पाउन सकिनेछ।



प्रणाली अझ बिस्तृतमा जान्न चाहने ब्यक्ति यहां हेर्नुहोस

https://www.mext.go.jp/a_menu/shotou/mushouka/1342674.htm

अंग्रेजीमा पढ्न चाहने ब्यक्ति यहां हेर्नुहोस

https://www.mext.go.jp/a_menu/shotou/mushouka/20220329-mxt_kouhou02-2.pdf

## 2-3 उच्च माध्यमिक तहका विद्यार्थीहरूको छात्रवृत्ति लाभ रकम

- उच्च माध्यमिक तहका विद्यार्थीको अभिभावक भई, न्यून आय भएका घरपरिवारको व्यक्तिले, पाठ्यक्रम खर्च या विद्यालयका सामाग्री आदि कक्षा शुल्क बाहेक खर्चमा लाग्ने पैसा प्राप्त गर्न सक्नेछन्।
- प्राप्त गर्न सकिने रकम, जाने गरेको विद्यालयको प्रकारहरू अनुसार फरक पर्नेछ।
- पैसा प्राप्त गर्नका लागि निवेदन दिनु पर्नेछ।
- विस्तृतमा, विद्यालय अथवा बसोबास रहेको प्रान्तमा सोधपुछ गर्नुहोस्।

प्रणाली अझ बिस्तृतमा जान्न चाहने ब्यक्ति यहां हेर्नुहोस

https://www.mext.go.jp/a_menu/shotou/mushouka/1344089.htm

अंग्रेजीमा पढ्न चाहने ब्यक्तिले यहां हेर्नुहोस

https://www.mext.go.jp/a_menu/shotou/mushouka/20230317-mxt_kouhou02-2.pdf

## 2-4 उच्च शिक्षा अध्ययन चरणको छात्रवृत्ति




- राष्ट्र, स्थानीय सार्वजनिक सङ्घ सङ्गठन, निजी समूहहरूले छात्रवृत्ति रकमको व्यवस्था गर्ने गरेको छन्।
- राष्ट्रको छात्रवृत्ति प्रणालीमा, 2 ओटा प्रकार रहेका छन्।

① अनुदान ढाँचा: फिर्ता गर्नु नपर्ने प्रणाली
② ऋण ढाँचा: सापटी लिने भएकोले फिर्ता गर्नुपर्ने प्रणाली

* पुनश्च, ऋण ढाँचाको छात्रवृत्तिमा, ब्याज नलाग्ने ऋण (निर्ब्याजी) र, ब्याज लाग्ने ऋण (ब्याजी) गरी 2 प्रकारका छन्।

- उच्च शिक्षा अध्ययन निकायमा थप अध्ययन गर्ने विदेशी नागरिक, जसको तल लेखिए अनुसारको बसोबास योग्यता छ, उनीहरू पनि राष्ट्रको छात्रवृत्ति प्रणालीको दायरामा पर्नेछन्।

① विशेष स्थायी बसोबासी (स्पेशल पर्मनिन्ट रेसिडेन्ट)
② स्थायी बसोबासी (पर्मनिन्ट रेसिडेन्ट)
③ जापानी नागरिकको पति/पत्नी आदि
④ स्थायी बसोबासीको पति/पत्नी आदि
⑤ निर्धारित स्थायी बसोबासी अर्थात् लङ्ग-टर्म रेसिडेन्ट (स्थायी बसोबास गर्ने इरादा भएका व्यक्ति)




- अन्य, पर्फर्मेन्स सम्बन्धी सर्तहरू पुरा गरेका "प्रवास अध्ययन" भिसा भएका व्यक्तिलाई दायरामा पारिएको अनुदान ढाँचाको छात्रवृत्ति रहेका छन्।

बिदेशी लक्षित वेवसाइट यहां

https://www.jasso.go.jp/en/ryugaku/scholarship_j/shoreihi/index.html

# 3 जापानी भाषा अध्ययन

जापानी भाषा जान्यो भने, यहाँहरूको जापानको जीवनयापन सहज हुनेछ। चिनाजानी या साथीहरू बढेर, जापानमा जीवनयापन गर्दा मदत पनि गर्न सक्छ। यहाँहरूको सपना पनि पुरा हुन सक्ला। जापानमा आफ्नै तरिकाले जीवनयापन गर्न सकिने गरी, जापानी भाषाको अध्ययनलाई निरन्तरता दिँदै जानुहोला।




## 3-1 जापानी भाषा को बारेमा

- जापानी भाषामा प्रयोग गरिने अक्षरहरू 5 प्रकारका छन्। हिरागाना/काताकाना/खान्जी/रोमन अक्षर अर्थात् अङ्ग्रेजी अक्षर/अरेबियन अङ्क हुन्। हिरागाना र काताकाना प्रत्येकमा 46 अक्षरमा सानो लेख्ने अक्षर (हिरागाना ४ अक्षर, काताकाना ९ अक्षर) रही, तेन्तेन् भनिने ( ゛ ) र मारु भनिने ( ゜ ) पनि प्रयोग हुन्छन्।
- खान्जी भनिने गाह्रो अक्षर पनि हुन्छन् तर याद गर्‍यो भने सजिलो हुन्छ। देखिराखेको खान्जीबाट थेरथोर रमाइलो लिँदै सिक्दै जाऔँ।
- रोमन अक्षर, मेल तथा सामाजिक संजाल आदिको वाक्य शब्द टाइप गर्दा धेरै प्रयोग हुन्छ ।
- जापानमा जीवनयापन गर्दा, आफू रहेको क्षेत्रहरूमा भएको ठाउँको नाम वा बाटोघाटोको नाम (उच्चारण वा लेख्ने तरिकाको खान्जी आदि अक्षर) थाहा पाउनु जरुरी हुन्छ। साथै, जापानमा स्थानीय क्षेत्रहरूमा प्रयोग गरिने "लबज" हरू धेरै हुन्छन्, जुन स्थानीय क्षेत्रमा जीवनयापन गर्दा जरुरी हुन्छ। त्यस्ता भाषा, स्थानीय जापानी भाषा कक्षा या स्थानीय मानिससँगको घुलमिल मार्फत सिक्दै गएमा राम्रो होला।
- यस बाहेक, जापानी भाषामा सम्मानार्थी भाषा पनि रहेको छ। अर्को पक्ष अनुसार नरम जापानी भाषा प्रयोग गर्न सक्ने हुँदा राम्रो होला।

## 3-2 जापानी भाषा शिक्षाको सन्दर्भ फ्रेमवर्क

- तपाईंहरुलाई जापानी भाषा अझ पढन सजीलो होस भनेर 2021 मा नयां, CEFR (Common European Framework of Reference for Languages: Learning, Teaching Assesment: युरोप भाषा समान सन्दर्भ फ्रेमवर्क) सन्दर्भ सामाग्रीको रुपमा लिई "जापानी भाषाको सन्दर्भ फ्रेमवर्क" तयार पारियो ।
- यो जापानी भाषाको 6 वटा स्तर (A1~C2) र जापानी भाषाको दक्षता ("सुनाई" "पढाई" "बोलाई (बोलचाल)" "बोलाई (प्रस्तुती)" "लेखाई") अनुसार सिकाईको बिषय तथा कृयाकलापको लक्ष्य तय गर्ने कुरा हो ।
- आफ़्नो जापानी भाषा स्तर जांच गरी त्यसपछिको लक्ष्य तय गरी सिक्नको लागि सन्दर्भ सामाग्री बनाउनुहोस ।
- **हामीले सिर्जना गरेका र उपलब्ध गराइएका स्रोतहरूमा सन्दर्भ फ्रेमवर्क प्रयोग गर्ने गाइड "सेइखाचु क्यान डु" र "निहोनगो चेक!" जापानी भाषाको स्व-मूल्याङ्कन उपकरण समावेश छ।**

जापानी भाषा शिक्षा, गाइड,सेइखाचु क्यान डु र थपका लागि सन्दर्भ फ्रेमवर्क
https://www.nihongo-ews.bunka.go.jp/infomation/framework_of_reference

परिच्छेद-1 परिच्छेद-2 परिच्छेद-3 परिच्छेद-4 परिच्छेद-5 परिच्छेद-6 परिच्छेद-7 परिच्छेद-8 परिच्छेद-9 परिच्छेद-10 परिच्छेद-11 परिच्छेद-12

| | |
|---|---|
| C2 | सुनेको, पढेको कुरा लगभग सबै सजीलै बुझ्न सक्ने । प्राकृतिक रुपमा राम्रोसंग सही तरिकाले आफ़्नो प्रस्तुती गर्न सक्ने, अत्यन्त अप्ठ्यारो अवस्थामा पनि स-साना अर्थको फ़रक छुट्याई बोल्न सक्ने । |
| C1 | बिभिन्न कागजातको उच्च स्तरको कुराहरुको अति लामो वाक्य बुझेर त्यसमा निहित अर्थ बुझ्न सक्ने । शब्द खोजिरहेको जस्तो नभई राम्रोसंग प्राकृतिक रुपमा आफ़्नो कुरा भन्न सक्ने । सामाजिक, शैक्षिक, पेशागत उदेश्य अनुसारको लचक र प्रभवकारी शब्द प्रयोग गर्न सक्ने । |
| B2 | आफ़्नो विशेष क्षेत्रको प्राबिधिक रुपमा बहस सहित शष्म र बिस्तृत बिषयको अप्ठ्यारो वाक्यको प्रमुख अर्थ बुझ्न सक्ने । दुबै पक्षले नडराईकन राम्रो जापानी भाषा बोल्नेसंग कारोबार गर्न सक्ने राम्रो र प्राकृतिक बोली भएको । |
| B1 | काम, स्कुल, मनोरन्जनमा साधारणतया भेटिने नजीकको बिषयमा संयुक्त कुरा भएमा प्रमुख बुंदा बुझ्न सक्ने । नजीकको चासो भएको बिषयको बारेमा सजीलैसंग जोडिएको सन्दर्भको वाक्य बनाउन सक्ने । |
| A2 | आधारभूत ब्यक्तिगत जानकारी तथा पारिवारिक जानकारी, किनमेल, छिमेकि, काम आदि प्रत्यक्ष सम्बन्ध भएको क्षेत्र सम्बन्धि धरै प्रयोग हुने वाक्य तथा भाषा बुझ्न सक्ने । सजीलो र दैनिक जीवन यापनको क्षेत्र भएमा नजीक र दैनिक कुराको बारेमा जानकारी आदान प्रदान गर्न सक्ने । |
| A1 | बिस्तृत माग पूरा गर्नको लागि धैरे प्रयोग गरिने दैनिक भाषा र आधारभूत कुरा बुझेर प्रयोग गर्न पनि सक्ने । यदि अर्को पक्षले बिस्तारै स्पष्टसंग कुरा गरी सहयोग गर्ने भएमा सजीलो कारोबार गर्न सक्ने । |

## 3-3 जापानी भाषा अध्ययन गर्ने ठाउँ

जापानी भाषा कक्षामा, जापानी भाषा पढ्दै जीवनयापनका जानकारीहरू थाहा पाउने, साथी बनाउने गर्न सकिन्छ। नजिक रहेको जापानी भाषा विद्यालय या जापानी भाषा कक्षा बारे खोजी पर्सौं।

साथै, आजकल, स्काइप जस्ता सामाजिक सञ्जाल उपयोग गरेको दूर शिक्षा या ई-लर्निङ् आदिबाट जापानी भाषा सिक्ने व्यक्तिहरू पनि बढिरहेका छन्। आफूलाई मिल्ने अध्ययन विधि पत्ता लगाऔं।

### (1) जापानी भाषा विद्यालय

- थप अध्ययन या काममा लाग्ने, परीक्षा तयारी जस्ता उद्देश्य अनुरूपका कोर्ष रहेका छन्।
- प्रारम्भिक देखि माथिल्लो स्तर सम्म, लेभल पिच्छेको जापानी भाषा सिक्न सकिनेछ।
- क्लास या ग्रुप लेसन, व्यक्तिगत लेसन जस्ता कक्षाको स्वरूप चयन गर्न सकिनेछ।
- कक्षा शुल्क लाग्नेछ।

### (2) स्थानीय जापानी भाषा कक्षा

- स्थानीय स्वायत्त निकाय या अन्तर्राष्ट्रिय भेटघाट समिति, विशेष गैर नाफामूलक गतिविधि गर्ने संस्थाहरूले जापानी भाषा कक्षा आयोजना गर्ने गरेको छ।
- सामुदायिक भवन या विद्यालयको खाली कक्षाकोठा, चर्च, भोलन्टियर सेन्टर आदिमा आयोजना गर्ने गरिएको छ।
- धेरैजसो भोलन्टियरद्वारा पढाउने गरिएको छ।
- खर्च निःशुल्क हुने कक्षा पनि रहेका छन्। जापानी भाषा विद्यालय भन्दा सस्तो हुन्छन्।
- हप्तामा 1, 2 पटक क्लास हुन्छ र, 1 पटकमा 1 देखि 2 घण्टा हुन्छ।

हरेक क्षेत्रको जापानी भाषा बिभाग/क्षेत्र भित्रको जापानी भाषा कक्षाको सुची यहां हेर्नुहोस ।

https://www.bunka.go.jp/seisaku/kokugo_nihongo/kyoiku/nihongokyoiku_tanto/pdf/93036701_01.pdf

* जापानी भाषा कक्षा खोज्दा तलका कुराहरू चेक गरौँ।

①कक्षाको नाम ②आयोजक ③स्थान ④सम्पर्क ठेगाना ⑤सम्पर्क विधि ⑥कुन-कुन भाषामा सेवा प्रदान हुन्छ ⑦अवधि ⑧ पटक सङ्ख्या ⑨बार/घण्टा ⑩सहभागी हुन पाउने योग्यता ⑪खर्च ⑫क्लासमा पढाउने ढाँचा (ग्रुपमा/सिङ्गल-सिङ्गल आदि) ⑬व्यक्ति सङ्ख्या ⑭लेभल ⑮पढाउने व्यक्ति ⑯विषयवस्तु ⑰पार्किङ या बच्चा हेरचाह सेवा भए नभएको इत्यादि

## (3) सञ्चार प्रणाली शिक्षा/दूर शिक्षा

काम या बच्चा हुर्काउने जस्ता व्यस्तताले जापानी भाषा कक्षा जान नमिल्दा, सामाजिक सञ्जाल उपयोग गरेको सञ्चार या ई-लर्निङ आदि बाट जापानी भाषा सिक्न पनि सकिनेछ। शुल्क या सर्भिसको स्वरूप पनि विभिन्न भएकाले, आफूलाई मिल्ने विधि बारे खोजी पसौँ।

## 3-4 जापानी भाषा अध्ययनको वेबसाइट “चुनागारु हिरोगारु निहोन्गोदेनो कुरासी” (बोलिचालीको नाम: चुनाहिरो)

जापानी भाषा अध्ययन साइट “चुनागारु हिरोगारु निहोन्गोदेनो कुरासी” जापानमा जीवनयापन गर्ने बिदेशीहरुले जापानी भाषामा कुरा/कम्युनिकेशन गर्ने, जीवन यापन गर्न सक्ने हुनको लागि लक्ष राख्ने, जापानी भाषाको अध्ययन गर्न सकिने वेबसाइट हो ।

आफुलाई मिल्ने जापानी भाषा स्तर तथा सिक्न चाहेको दृष्य, प्रमुख शब्द अनुसार भोडियो तथा लेखनको सिक्ने कुरा छान्न सकिन्छ । जापानी भाषा अध्ययन गरी वास्तविक रुपमा प्रयोग गरेर समाजसंग जोडिएर दैनिकी फ़राकिलो बनाऔं ।

**○उपलब्ध भाषा:** जापानी, अंग्रजी, चाइनिज (सरल अक्षर), चाइनिज (ट्याडिसनल), पोर्तुगिज, स्पेनिस, भियतनामी, इण्डोनेशियन, फ़िलिपिनी, नेपाली, खमेर (क्याम्बोडियन), कोरियन, थाई, म्यान्मार, मंगोलियन, युक्रेनी, रसियन (17 वटा भाषा)

**○सिक्ने कुरा:** अभिवादन, किनमेल, बैंक, रेल, सरकारी कार्यालय, वारुण नियन्त्रण आदि जीवनयापनको कुरा

“जोडिने फ़ैलिने जापानी भाषामा बसोवास”

https://tsunagarujp.bunka.go.jp/

# 3-5 जापानी भाषा शिक्षाको लागि सन्दर्भ फ्रेमवर्कमा आधारित जापानी भाषा स्व-मूल्याङ्कन उपकरण “निहोनगो चेक!”

यो अनलाइन प्रणालीमा जापानी भाषा सिक्नेहरूलाई जापान र अन्तर्राष्ट्रिय रूपमा लक्षित गर्ने स्व-मूल्याङ्कन उपकरण हो जसले प्रयोगकर्ताहरूलाई उनीहरूको जापानी भाषा सीपहरूको सीधा मूल्याङ्कन प्रदान गर्दै “क्यान डु” खण्डबाट प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छ। यो नतिजाको आधारमा व्यक्तिगत अध्ययनलाई प्रोत्साहित गर्न र जापानी भाषा सिक्ने लक्ष्यहरू सेट गर्न मद्दत गर्न डिजाइन गरिएको हो।

जापानी भाषा शिक्षाको सन्दर्भ फ्रेमवर्कमा छ वटा स्तरहरू (A1 देखि C2) छन् र सुन्ने, पढ्ने, बोल्ने (अन्तर्क्रिया र अभिव्यक्ति), र लेखन सहित पाँच भाषा गतिविधिहरू समावेश छन्। जापानी भाषा शिक्षार्थीहरूले निम्नानुसार चार-बिन्द स्केलमा आफ्नो भाषा क्षमता सम्बन्धी प्रश्नहरूको जवाफ दिएर आफ्नो प्रवीणताको मूल्याङ्कन गर्छन्: “1. म सक्दिनँ”, “2. म सायदै गर्न सक्छु”, “3. यो गाह्रो छ, तर म यो गर्न सक्छु”, र “4. म सक्छु”।

| | |
|---|---|
| ○ समर्थित भाषाहरू: | जापानी सहित 14 भाषाहरू। चिनियाँ, अङ्ग्रेजी, फिलिपिनो, इन्डोनेसियाली, खमेर, कोरियाली, मङ्गोलियन, बर्मेली, नेपाली, पोर्चुगली, स्पेनिस, थाइ, भियतनामी, र जापानी (फुरिगाना पढाइको साथ)। |

निम्न पृष्ठमा आफ्नो स्तर जाँच गर्नुहोस्।
https://www.nihongo-check.bunka.go.jp/

